# छानविन प्रतिवेदन

## १. उजुरीको संक्षिप्त व्यहोरा

केन्द्रवाट प्राप्त उजुरीमा ""काठमाडौं महानगरपालिका वडा नं. १ नक्साल, नारायणचौरस्थित गुठी संस्थानको कित्ता नं. ८७० को ६-१४-३-१ को जग्गा गुठीसंस्थानले विना प्रतिस्पर्धा टेण्डर नै नगरी कौडीको भाउमा भाडामा लगाएकोले छानविन गरीपाउँ" भन्ने समेत व्यहोराको उजुरी निवेदन ।

## २. प्राप्त उजुरीका सम्बन्धमा भए गरेको वास्तविक तथ्यगत विवरण

१. काठमाडौं महानगरपालिका वडा नं. १ नक्साल नारायणचौर स्थित कित्ता नं. ८७० को क्षेत्रफल ६-१४-३-१ को जग्गाको उत्तरतर्फ रहेको ३ तले पक्की भवनमा सत्य साई केन्द्रद्वारा संचालित सामुदायिक स्वास्थ्य केन्द्र, उत्तर पूर्वी भागमा रहेको पक्की भवनमा सत्यसाई केन्द्रको कार्यालय र ति दुई भवन वीचको प्राङ्गणमा हरिहर नारायणको मन्दिर तथा सत्यसाईको कम्पाउण्डको दक्षिणपट्टी बगैंचा रहेको पाइयो ।

२. सोही कित्ताको दक्षिण तर्फ १२ आना जग्गामा रहेको ३ तल्ले पक्की भवनमा हरिहर नारायण समाज रहेको तथा हरिहर नारायण समाजले उक्त भवनको तल्लो तलाको १/२ कोठा सामुदायिक प्रहरीले प्रयोग गरेको र अन्य सटर, कोठाहरु रेष्टुरेण्ट आदिलाई भाडामा लगाएको देखिन्छ ।

३. उक्त जग्गामा लिच्छवी राजा नरेन्द्रदेवको पालामा बनेको हरिहर नारायण मन्दिर रहेको (भनिएको) ६-१४-३-१ जग्गा २०४८।०४।०२ को निर्णयबाट गुठी तैनाथी जग्गामा कायम भएको र उक्त जग्गा मिति २०४८।०५।०६ मा मालपोत कार्यालयमा हरिहर नारायण गुठीको नाममा श्रेस्ता कायम भएको देखिन्छ ।

४. हरिहर नारायण मन्दीरमा पुजा पाठ तथा अन्य कार्यहरु गर्ने तथा जग्गा उपभोग गर्ने गरी उक्त जग्गा मिति २०५५।०७।२३ मा धर्म संस्कृति संरक्षण समितिसँग सत्य साई केन्द्रको सम्झौता भएको देखिन्छ र उक्त

जग्गामा मन्दिरको पश्चिमपट्टी र उत्तर तर्फ भवन निर्माण गर्न सम्झौताको निर्णय नं. १ र ३ बमोजिम सहमति दिएको देखिन्छ ।

५. मिति २०५६।९।१६ मा २ रोपनी जग्गामा ३ तले भवन निर्माणका लागि काठमाडौं महानगरपालिकाले स्वीकृति दिएको ।

६. काठमाडौं महानगरपालिका वडा नं. १ को मिति २०५७।३।१४ को पत्रबाट हरिहर नारायण संरक्षण समितिबाट सामुदायिक भवन हरिहर नारायण समाजलाई दिएको देखिन्छ ।

७. मिति २०५८।१०।०२ मा जग्गाको उत्तरपट्टी सत्य साई भवन बराबर उचाईंको भवन निर्माण गर्नका लागि पछि नक्सापास गर्ने गरी काठमाडौं महानगरपालिकाले स्वीकृति दिएको ।

८. जम्मा जग्गामध्ये २-०-०-० क्षेत्रफल सत्य साई केन्द्रको कम्पाउण्ड भित्र बगैंचा रहेको ।

९. जम्मा क्षेत्रफलको करिब ०-१४-०-० जग्गा पक्की सडकले ओगटेकोमा जसमध्ये करिब ०-५-०-० जग्गामा हरिहर नारायण समाजको सामुदायिक भवन र सत्य साई केन्द्रको कम्पाउण्डको वीचमा नयाँ पक्की बाटो कायम भएको देखिएको ।

१०. गुठी संस्थानसँग सत्य साई केन्द्र र हरिहर नारायण समाजले मासिक रु ३/३ हजार वहाल तिर्ने र प्रत्येक २ वर्षमा वहालमा १० प्रतिशतले वृद्धि हुने कुरा सम्झौतामा उल्लेखित रहेको देखिन्छ ।

११. मालपोत कार्यालय डिल्लीबजारमा रहेको श्रेस्तामा जग्गा गुठी संस्थान कै नाममा रहेको

१२. नापी कार्यालय डिल्लीबजारमा रहेको नक्सा तथा फिल्डबुकमा पनि गुठी संस्थान कै नाममा रहेको

१३. मालपोत र नापी कार्यालय डिल्लीबजारमा रहेको श्रेस्तामा उक्त जग्गा गुठी संस्थान अन्तर्गत हरिहर नारायण गुठीको नाममा कायम रहेको देखिएको । साथै फिल्डबुकमा जग्गाधनी "नारायण चौर" उल्लेख भएको देखिएको ।

**निष्कर्ष/सुझाव**

(क) यसरी मिति २०४८।०५।०६ मा गुठीको नाममा आइसकेको जग्गा मिति २०५५।०७।२३ मा भवनहरु समेत निर्माण गर्ने गरी अधिकारै नभएको धर्म संस्कृति संरक्षण समितिको नामक संस्थाले सत्य साई केन्द्रलाई भाडा दिने सम्झौता गरेको कुरा गुठी संस्थानबाट प्राप्त प्रतिकृयाबाट प्रष्टै देखिन आएकोले सार्वजनिक जग्गा अन्य व्यक्ति, समूह वा संस्थालाई दिने अख्तियार गुठी संस्थान/नेपाल सरकार बाहेक अरुलाई नभएकोले उक्त कार्य कानुन सम्मत देखिन आएन । यसरी गुठी अधिनस्त जग्गा अन्यलाई दिने र सो कार्यको विरोध तथा खारेजी नगर्ने तत्कालिन गुठी संस्थानका जिम्मेवार कर्मचारीले आफ्नो दायित्व निर्वाह गरेको छ भनी विश्वस्त हुन सकिएन । अतः सरकारी, सार्वजनिक तथा गुठी तैनाथी जग्गा कुनै संस्थालाई उपयोग, भवन निर्माण गर्ने दिने कार्य अनाधिकृत कार्य भएको देखिँदा त्यस्तो कार्यमा संलग्न व्यक्ति, संस्था, कर्मचारी तथा पदाधिकारीलाई छानविन/अनुसन्धान गरी प्रचलित कानुन अनुसार कारवाही गर्न आवश्यक देखिएकोले सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउन उपयुक्त देखिन आयो ।

(ख) गुठी संस्थानसँग भएको जग्गा भाडा सम्झौता अनुसार पुनः भाडामा लगाउन नपाईने तथा मदिराजन्य वस्तुको उपभोग गर्न नपाइने भनी उल्लेख भएतापनि हरिहर नारायण समाजले सामुदायिक भवनको उत्तरपट्टीको सटर रेष्टुरेण्टलाई मासिक २० हजारका दरले भाडामा लगाएको बुझिन आएको । सत्य साई केन्द्रबाट उपयोग भएको भवन, जग्गा र हरिहर नारायण समाजको नामबाट उपयोग भएको भवन र वीचको बाटोको रुपमा राखिएको जग्गा समेत गुठी संस्थानले नियन्त्रणमा लिई कम्पाउण्ड पर्खाल लगाई संरक्षण हुने व्यवस्था गरी प्रचलित ऐन नियम अनुसार भाडामा (व्यक्ति/समूहलाई कौडीको मूल्यमा उपयोग गर्न नदिई) लगाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिन उपयुक्त देखियो ।

**राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०५।०३ को निर्णयः**

"काठमाडौं महानगरपालिका वडा नं. १ स्थित कित्ता नं. ८७० को ६-१४-३-१ क्षेत्रफलको जग्गा गुठी संस्थानले विना प्रतिस्पर्धा कौडीको भाउमा सत्य साई केन्द्रलाई भाडामा लगाएकोले छानविन गरीपाउँ" भन्ने उजुरीका सम्बन्धमा यस केन्द्रबाट गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गरी प्रतिवेदनमा पेश भएबमोजिमका सुझावहरु कार्यान्वयन गर्न भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र आवश्यक कारवाही हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाई लगत कट्टा गर्ने निर्णय गरियो ।